# नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल

*महासभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव २२०० ए (XXI) बाट ग्रहण गरी*
*हस्ताक्षर, अनुमोदन तथा सम्मिलनकालागि खुला गरिएको*
*लागू भएको मितिः धारा ९ अनुसार, २३ मार्च १९७६*

यस प्रतिज्ञापत्रका पक्षराष्ट्रहरू,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको (यसपछि "प्रतिज्ञापत्र" भनिएको) उद्देश्य अझ हासिल गर्न तथा यसका व्यवस्थाहरू कार्यान्वयन गर्न यस प्रतिज्ञापत्रको भाग ४ अन्तर्गत गठन भएको मानवअधिकार समितिलाई (यसपछि "समिति" भनिएको) यस प्रोटोकलमा व्यवस्था गरिए बमोजिम व्यक्तिहरूबाट सो प्रतिज्ञापत्रमा उल्लिखित कुनैपनि अधिकारको उल्लंघनबाट पीडित भएको दावीको सूचना प्राप्त गर्न तथा विचार गर्न सबल तुल्याउन उपयुक्त भएको कुरा विचार गर्दै,

देहाय बमोजिम सहमत भएका छन् :-

धारा १

यस प्रोटोकलको पक्ष हुने प्रतिज्ञापत्रको कुन पक्षराष्ट्रले प्रतिज्ञापत्रमा उल्लिखित कुनै पनि अधिकारको सो पक्षराष्ट्रबाट उल्लंघन भएर आफू पीडित भएको दावी गर्ने व्यक्तिबाट आफ्ना अधिकार क्षेत्रभित्र रहेर सूचना प्राप्त गर्ने तथा तयसमाथि विचार गर्ने समितिको सक्षमता स्वीकार गर्दछ । समितिले प्रतिज्ञापत्रको पक्ष भएको तर यस प्रोटोकलको पक्ष नभएको राष्ट्रसँग सम्बन्धित कुनै सूचना प्राप्त गर्नेछैन ।

धारा २

धारा १ को व्यवस्थाको अधिनमा रही प्रतिज्ञापत्रमा व्यवस्था गरिएका आफ्ना कुनै पनि अधिकार उल्लंघन भएको दाबी गर्ने व्यक्तिहरूले उपलब्ध सम्पूर्ण घरेलु उपचारहरू उपयोग गरिसकेपछि समितिको विचारकालागि समिति समक्ष सूचना पेश गर्न सक्नेछन् ।

धारा ३

समितिले कुनै सूचना, जुन वेनामी छ वा समितिको विचारमा त्यस्तो सूचना पेश गरिएको कुरा अधिकारको दुरुपयोग हो वा प्रतिज्ञापत्रका व्यवस्थाहरू अनुकूल छैन, लाई यस प्रोटोकल अन्तर्गत अग्राह्य मान्नेछ ।

धारा ४

धारा ३ का व्यवस्थाहरूको अधिनमा रही समितिले यस प्रोटोकल अन्तरगत आफू समक्ष पेश गरिएका कुनै सूचनालाई प्रतिज्ञापत्रका कुनै व्यवस्था उल्लंघन गरेको आरोप लागेको यस प्रोटोकलको पक्षराष्ट्रको ध्यानमा ल्याउनेछ ।

सूचना ग्रहण गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार अपनाइएको भए सो समेत स्पष्ट पार्ने लिखित व्यवस्था वा वयानहरू छ महिनाभित्र समिति समक्ष पेश गर्नेछ ।

धारा ५

१. व्यक्ति तथा सम्बन्धित पक्षराष्ट्रबाट समितिलाई उपलब्ध गराइएको सबै लिखित जानकारीका आधारमा समितिले यस प्रोटोकल अन्तर्गत ग्रहण गरिएको सूचनाहरू उपर विचार गर्नेछ ।

२. समितिले देहायका कुरा सुनिश्चित नगरेसम्म कुनै व्यक्तिबाट प्राप्त कुनै सूचना उपर विचार गर्नेछैन :-

(क) सोही कुरा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अर्को कार्यविधि अन्तर्गत छानवीन भइरहेको छैन ।

(ख) व्यक्तिले सबै उपलब्ध घरेलु उपचारहरू उपयोग गरिसकेको छ । उपचारको प्रयोग अनुचितरुपमा लम्बिने भएमा यो व्यवस्थाको नियम हुनेछनै ।

३. यस प्रोटोकल अन्तर्गत सूचनाहरू छानवीन गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

४ . समितिले सम्बन्धित पक्षराष्ट्र तथा व्यक्तिलाई आफ्नो विचार (राय) पठाउनेछ ।

धारा ६

समितिले यस प्रोटोकल अन्तर्गत गरिएका काम कारवाहीको सारांश प्रतिज्ञापत्रका धारा ४ का अन्तर्गत आफ्नो वार्षिक प्रतिवेदन समावेश गर्नेछ ।

धारा ७

महासभाको १४ डिसेम्बर १९६० को प्रस्ताव १५१४ ९ह्ख्० मा रहेका औपनिवेशिक देशहअरु तथा जनताहरूलाई स्वतन्त्रता दिने सम्बन्धी घोषणापत्रका उद्देश्यहरू हासिल नभएसम्म, यस प्रोटोकलका व्यवस्थाहरूले संयुक्त राष्ट्रसंघको वडापत्र र अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा दस्तावेजहरू अन्तर्गतवा संयुक्त राष्ट्रसंघ तथा यसका विशिष्टिकृत निकायहरूबाट यी जनताहरूलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनिरुपमा सीमित गर्नेछैनन् ।

धारा ८

१. प्रतिज्ञापत्र अनुमोदन गरेका वा त्यसमा सम्मिलन भएका कुनै पनि राष्ट्रद्वारा यो प्रोटोकल अनुमोदन हुनु पर्नेछ । अनुमोदनको लिखित संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरिनेछ ।

२. प्रतिज्ञापत्रलाई अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएका कुनै पनि राष्ट्रबाट सम्मिलन हुन यो प्रोटोकल खुला रहनेछ ।

३. सम्मिलनको लिखित संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

४. संयुक्त राष्ट्रसंघका महासचिवले अनुमोदन वा सम्मिलनका प्रत्येक लिखतको दाखिला सम्बन्धी जानकारी यस प्रोटोकलमा हस्ताक्षर गर्ने वा यसमा सम्मिलन हुने सबै राष्ट्रहरूलाई दिनेछन् ।

धारा ९

१. प्रतिज्ञापत्र लागू हुने कुराको अधिकार रही, अनुमोदन वा सम्मिलनको दशौं लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला भएको तिको तीन महिना पछि यो प्रोटोकल लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको दशौं लिखत दाखिला भएपछि यो प्रोटोकल अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रको हकमा त्यस्तो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिको तीन महिनापछि यो प्रोटोकल लागू हुनेछ ।

धारा १०

यस प्रोटोकलका प्रावधानहरू कुनै सीमान वा अपवादहरू विना संघीय राष्ट्रहरूका सम्पूर्ण भागहरूमा विस्तार हुनेछन् ।

धारा ११

१. यस प्रोटोकलका कुनै पक्षराष्ट्रले कुनै संशोधन प्रस्ताव गर्न सक्नेछ तथा त्यसलाई संयुक्त राष्ट्रसंघ महसचिव समक्ष दर्ता गर्न सक्नेछ । त्यसपछि महासचिवले यस प्रोटोकलका पक्षराष्ट्रहरूलाई ती

प्रस्ताव उपर विचार गर्न र मतदान गर्न पक्षराष्ट्रको सम्मेलनका पक्षमा उनीहरू छन् वा छैनन भनी उनीहरूलाइृ सूचना गर्न अनुरोध सहित कुनै प्रस्तावित संशोधनहरूको जानकारी दिनेछन् । पक्षराष्ट्रहरूका कम्तिमा एक तिहाई सदस्यहरू यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसंघको आयोजनामा सो सम्मेलन बोलाउनेछन् । सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनकालागि संयुक्त राष्ट्रसंघको महासभामा पेश गरिनेछ ।

२. संयुक्त राष्ट्रसंघ को महासभाबाट अनुमोदन भएपपिछ तथा यस प्रोटोकलका पक्षराष्ट्रहरूका दुई तिहाई बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भएपछि संशोधनहरू लागू हुनेछन् ।

३. संशोधनहरू लागू भएपछि, संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरू यस प्रोटोकलका व्यवस्था तथा तिनले स्वीकार गरेका कुनै अघिल्लो संशोधनबाट बाँधिएका अन्य पक्षराष्ट्रहरू उपर बन्धनकारी हुनेछन् ।

धारा १२

१. कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिई कुनै पनि समयमा यो प्रोटोकल परित्याग गर्न सक्नेछ । महासचिवबाट त्यस्तो सूचना प्राप्त गरेको मितिले तीन महिनापछि परित्याग लागू हुनेछ ।

२. परित्याग लागू हुने मितिभन्दा अगाडि धारा २ अन्तर्गत पेश गरिएको कुनै सूचनाका हकमा यस प्रोटोकलका व्यवस्थाहरूको निरन्तर प्रयोगलाई परित्यागले प्रतिकूल प्रभाव पार्नेछैन ।

धारा १३

यस प्रोटोकलको धारा ८ को प्रकरण ५ अन्तर्गत सूचना दिइए तापनि संयुक्त राष्ट्रसंघ का महासचिवले प्रतिज्ञापत्रको धारा ४८ को प्रकरण १ मा उल्लेख भएका सम्पूर्ण राष्ट्रहरूलाई देहायका कुराहरूको सूचना दिनेछन् :-

(क) धारा ८ अन्तर्गत गरिएका हस्ताक्षर अनुमोदन र सम्मिलनहरू,

(ख) धारा ९अन्तर्गत यो प्रोटोकल लागू हुने मिति तथा धारा ११ अन्तर्गत हुने संशोधनहरू लागू हुने मिति,

(ग) धारा १२ अन्तर्गत परित्यागहरू ।

धारा १४

१. यो प्रोटोकल, जसको चिनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरुपमा प्रामाणिक छन्, संयुक्त राष्ट्रसंघको अभिलेखालयमा दाखिला गरिनेछ ।

२. प्रतिज्ञापत्रको धारा ४८ मा उल्लेख भएका सम्पूर्ण राष्ट्रहरूलाई संयुक्त राष्ट्रसंघका महासचिवले यो प्रोटोकलको प्रमाणित प्रतिहरू पठाउनेछन् ।